## मिति २०८१ माघ ८ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सम्बन्धमा।

प्रस्ताव नं. ३ : हेलो सरकारको गुनासो व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. ४ : सव-डिभिजन वन कार्यालयको पत्र पत्र सम्बन्धमा।

प्रस्ताव नं. ५ : पूर्वाधार विकास कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : चौमासिक खर्च प्रगति सम्बन्धमा।

प्रस्ताव नं. ७ : स्थानीय बिदा सम्बन्धमा।

प्रस्ताव नं. ८ : गृहिणी महिला सशक्तिकरण कार्यक्रम संचालन सम्बन्धमा।

प्रस्ताव नं. ९ : नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ११ : "घ" वर्गको इजाजत प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १२ : ठेक्काको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. १३ : जलवायु सम्मेलनको खर्च अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. १४ : बजार व्यवस्थापनका सम्बन्धमा भएका निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. १५ : अनुमगन समितिबाट पेश भएका योजनाको फरफारक सम्बन्धमा।

प्रस्ताव नं. १६ : फोहोरमैला व्यवस्थापनको लागि कार्ययोजना पेश गर्न निर्देशन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १७ : एक्लेबेसी-डाँडागाउँ -जर्के- पटाप सडकको नयाँ सडक ट्र्याक निर्माणका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १८ : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र स्थानीय तह वित्तिय जोखिम मूल्याङ्कनको पृष्ठपोषण सम्बन्धमा।

प्रस्ताव नं. १९ : कृषि प्राविधिक शिक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. २० : नगर सभाको १७ औं अधिवेशनको मिति तय गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २१ : मेलम्ची प्राथमिक अस्पताको पहिरो नियन्त्रण सम्बन्धमा।

प्रस्ताव नं. २२ : मनशान्ती आवास र सहरे बगर क्षेत्रको संरक्षण सम्बन्धमा।

प्रस्ताव नं. २३ : योजना संशोधन सम्बन्धमा।

प्रस्ताव नं. २४ : गाउँ सामुदायिक भवन प्रयोग गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २५ : राय सुझाव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २६ : वन्यजन्तु नियन्त्रण सम्बन्धमा ।

प्रस्ताव नं. २७ : विपद्बाट क्षति भएका संरचनाको पुनर्निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. २८ : औधौगिक ग्राम स्थापनाको लागि अध्ययन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २९ : नयाँ सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३० : स्थानीय राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३१ : श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०९/१४ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको च.नं. २५१७८ मिति २०८१/०८/११ को पत्र यस कार्यपालिका बैठकमा छलफल गरियो । यस नगरपालिकाको स्वीकृत दरबन्दीमा प्रदेश लोकसेवा आयोगबाट प्राविधिक कर्मचारी सिफारिस भई नआएको र कार्यालयको कामको बोझलाई मध्यनजर गर्दै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) मा भएको व्यवस्था, स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५ (४) मा भएको व्यवस्था एवं मेलम्ची नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम ईन्जिनियर लगायतका प्राविधिक कर्मचारीहरु करार सेवामा नियूक्ति गरी कार्यालयको प्राविधिक कार्य सम्पादन गरिएकोले सोही बमोजिम कारवाही टुङ्ग्याउने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारमा विभिन्न मितिमा परेका गुनासोको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल गरियो । हेलो सरकार मार्फत कार्यालयमा प्राप्त भएका गुनासाहरुको फर्छ्यौट र समाधानका लागि सम्बन्धित निकायहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : सव-डिभिजन वन कार्यालयको च.नं. १६३ मिति २०८१/०९/१८ को पत्रबाट वन तथा वातावरण संरक्षणका सम्बन्धमा लेखि आएको हुँदा उक्त पत्रको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल गरिनुको साथै आवश्यक कार्यान्वयनको लागि सबै वडामा पत्राचार गरी जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका स्थित दाउचेत- क्यौरानी- बाँसखर्क – बरुवा - याङ्रीलार्के सडक खण्ड अन्तर्गत भौतिक पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक, चौताराबाट कार्यान्वयन गर्ने गरी ईन्द्रावती कन्स्ट्रक्सन प्रा.लि. संग ठेक्का सम्झौता गरिएकोमा हालसम्म पनि कार्य सम्पन्न नभएको र निर्माण सामग्रीहरु सडक किनारामा अलपत्र अवस्थामा राखिएको तथा वडा कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत सडक निर्माणको कार्य सुचारु नगरेकोले आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाइदिन भनि मेलम्ची नगरपालिका अन्तर्गत ८ नं. वडा कार्यालयको च.नं. २५७ मिति २०८१/०९/०४ को पत्रबाट लेखि आएको हुँदा कार्य वातावरण व्यवस्थित गर्न र सडक निर्माणको कार्य समयमा नै सम्पन्न गराउन पूर्वाधार विकास कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को पौष महिनाको मासिक चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ १० प्रतिशत र पूँजीगत तर्फ २.८८ गरी समग्रमा ५.९७ प्रतिशत) र २०८१ पौष महिनासम्मको खर्च प्रगति (चालु तर्फ ३२.५६ प्रतिशत र पूँजीगत तर्फ ७.६५ गरी समग्रमा १८.४६ प्रतिशत) तथा दोश्रो चौमासिकसम्मको खर्चको विवरण सार्वजनिक गरियो।

निर्णय नं. ७ : वि.सं. २०८१ साल माघ १७ गते बिहीबार तामाङ समुदायंको महान पर्व एवं नयाँ वर्ष स पुख्री ल्हो (सर्प वर्ग) मञ्जुश्री संम्वद २८६१ औं बौद्ध धर्मावलम्बीहरुको महान पर्व सोनाम ल्होसारको अवसरमा मेलम्ची नगरपालिका क्षेत्र भित्रका सरकारी कार्यालय, शैक्षिक संस्था र संघ संस्थाहरुमा मिति २०८१ माघ १८ गते स्थानीय बिदा दिने निर्णय गरियो।

निर्णय नं. ८ : बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोक र मेलम्ची नगरपालिका बीच गृहिणी महिला सशक्तिकरण कार्यक्रम संचालनको लागि मिति २०८१/१०/०६ मा भएको सम्झौता बमोजिम मेलम्ची नगरपालिकाले बेहोर्नुपर्ने २० प्रतिशत लागत साझेदारी रकम रु. ३,९८,४०६।– महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आगामी नगर सभाबाट अनुमोदन हुने गरी विपन्न महिला सिप व्यवस्थापन एवं आय आर्जन सहयोग कार्यक्रमको शिर्षक संशोधन गरी गृहिणी महिला सशक्तिकरण कार्यक्रम लागत साझेदारी कायम गर्ने र स्वीकृत प्रस्तावनामा उल्लिखित कार्यक्रमहरु: मौरी पालन तालिम र ब्यूटिसियन तालिम संचालनका लागि संभावित क्षेत्र अध्ययन गरी प्रतिवेदन पेश गर्न कृषि विकास शाखा प्रमुख अमरनाथ आचार्य र महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख राजेन्द्र दुलाललाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ९ : सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.को मिति २०८१/०९/१४ को पत्रबाट ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका वडा नं. १२ स्थित सिन्धुखोला, जर्के, बाहुनेपाटी ढकालखहरे क्षेत्रको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण ( IEE) प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति माग गरेको हुँदा नियमानुसारको राजस्व लिई माग गरे बमोजिम ईन्द्रावती नदीको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा उल्लिखित शर्तको प्रतिकुल नहुने गरी नदीजन्य पदार्थ उत्खनन् गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १० : मेलम्ची नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा म्याद मिति २०८१ पौष मसान्तबाट समाप्त भएको र निजहरुको कार्यसम्पादन

सन्तोषजनक देखिएकोले अनुसूची-१ मा उल्लिखित देहाय बमोजिमका कर्मचारीहरुको करार सेवा म्याद मिति २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजतका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेका देहाय बमोजिमका निर्माण व्यवसायहरुलाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ को उपदफा (४) बमोजिम ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | यज्ञजीत कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | बिनोद कार्की | मेलम्ची न.पा. १० |
| २ | सुर्य इन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ईन्द्र बहादुर कार्की | मेलम्ची न.पा. १० |
| ३ | स्वयम्भू निर्माण सेवा प्रा.लि. | रबिन्द्र खड्का | मेलम्ची न.पा. ९ |
| ४ | बि.एस.मल्टी कम्पनी प्रा.लि. | विकास तामाङ | मेलम्ची न.पा. ९ |

निर्णय नं. १२ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका योजनाहरु बोलपत्र प्रक्रियाबाट ठेक्का सम्झौता भई निर्माणको कार्य भइरहेकोमा विभिन्न कारणबाट समयमा कार्य सम्पन्न गर्न नसकी यस कार्यालयमा सम्बन्धित निर्माण व्यवसायीहरुबाट म्याद थपको लागि निवेदन पेश भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम पहिलो पटकको लागि देहाय बमोजिमका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाताको विवरण | कार्य सम्पन्न हुन नसकेको कारण | म्याद थप अवधि |
|---|---|---|---|---|
| १ | ठेक्का नं. MMSI/Works/NCB/2080-81/31 Construction of Mahila Surakshya Aids Niyantran Manch Building | निर्मल कन्स्ट्रक्सन एण्ड क्लिन सर्भिसेज प्रा.लि. | फिनिसिङ्को कार्य गर्न समय नपुग भएकेले | प्रथम पटक ४ महिना (२०८२ वैशाखसम्म ) |
| २ | ठेक्का नं. MMSI/Works/NCB/2080-81/25 Construction of Melamchi Municipality | परफेक्ट इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्ट्यान्ट | निर्माण कार्यस्थलसम्म ढुवानीको लागि सडक अबरुद्ध | प्रथम पटक ४ महिना (२०८२ जेठसम्म ) |

| | | | | |
|---|---|---|---|---|
| | Ward no 3 Community Building | प्रा.लि., ईन्द्रावती ४, सिन्धुपाल्चोक। | भएको र निर्माण सामग्रीमा भएको महंगीको कारण | |

साथै, विभिन्न कारणबाट समयमा कार्य सम्पन्न गर्न नसकी दोश्रो पटक म्याद थपको लागि यस कार्यालयमा निवेदन पेश गरेका देहाय बमोजिमका योजनाको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा भएको व्यवस्था बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाताको विवरण | कार्य सम्पन्न हुन नसकेको कारण | म्याद थप अवधि |
|---|---|---|---|---|
| १ | ठेक्का नं. MMSI/Works/NCB/2080-81/06 Upgrading Works of Melamchi Gufa Tourism Road | गेहेन्द्रलक्ष्मी/जुगल हिम शिखर जे.भी. | पहिलो पटक म्याद थप गर्दा कार्य सम्पन्न नभएकोले। | दोश्रो पटक अधिकतम २०० दिन |

निर्णय नं. १३ : मेलम्ची नगरपालिकाको आयोजनामा मिति २०८१ पौष १७ (1st January, 2025) गते मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा भएको जलवायु सम्मेलनमा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री पासाङ तामाङको संयोजकत्वमा कार्यपालिकाबाट गठित समितिले पेश गरेको प्रतिवेदन र खर्च सार्वजनिकीकरण एवं अनुमोदन गर्ने निर्णय गरियो । साथै, प्रतिवेदनका आधारमा उक्त कार्यक्रममा खर्च भएको रकम पर्यटन प्रवर्द्धन कोषबाट भुक्तानीको लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | खर्च शिर्षक | खर्च रकम रु. |
|---|---|---|
| १ | गुफाडाँडा सरसफाई | ४६,७५०।– |
| २ | खाद्यान्न व्यवस्थापन खर्च | |
| २.१ | खाद्यान्न | १,२१,१८८।– |
| २.२ | मासु कुखुरा | १,६१,०००।– |
| २.३ | तरकारी | ८२,८७०।– |
| ३ | ब्यानर, प्रमाणपत्र, स्टेशनरी तथा मसलन्द खर्च, | २,५४,९९०।– |

| | | |
|---|---|---|
| | सहभागीताको प्रमाणपत्र, कदरपत्र, सम्मानपत्र फ्रेम सहित, बाटो संकेत पोल ४ स्थानमा, पार्किङ्ग पोल २ स्थानमा । | |
| ४ | कलाकार व्यवस्थापन | २०,०००।– |
| ५ | खाना हाप क्याटिरङ शुल्क | १,७४,०२०।– |
| ६ | प्रति विद्यालय सहभागिता बापत प्रोत्साहन खर्च (८ वटा विद्यालय) | ८०,०००।– |
| ७ | मेलम्ची होटल खाना तथा बास/अतिथि सत्कार | ९९,४४०।– |
| ८ | स्टेज, साउण्ड सिस्टम, जेनेरेटर भाडा | १,४९,५००।– |
| ९ | सवारी साधन तथा ढुवानी साधन भाडा | २,४०,०००।– |
| १० | पानी र ग्याँस | ३३,४८९।– |
| ११ | विविध खर्च | ४७,५५९।– |
| १२ | नेपालको झण्डा खरिद तथा व्यवस्थापन | ८८,५००।– |
| कूल जम्मा खर्च | | १५,९९,३०६।– |

निर्णय नं. १४ : नगर प्रमुख आइतमान तामाङज्यूको अध्यक्षतामा मिति २०८१/१०/०३ गते मेलम्ची बजार व्यवस्थापनका सम्बन्धमा बसेको बैठकबाट भएका अनुसूची-२ बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित अनुगमन समितिबाट अनुसूची-३ बमोजिमका योजनाहरु अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भए बमोजिमका योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : मेलम्ची नगरपालिकाका भित्रका सम्बन्धित वडाको बजार तथा ग्रामीण क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि सम्बन्धित सबै वडा कार्यालयले कार्य योजना तयार गरी २१ दिन भित्र प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ : मेलम्ची नगरपालिकाका वडा नं. १२ को च.नं. ६७२ मिति २०८१/०९/११ को पत्रबाट एक्लेबेसी-डाँडागाउँ-जर्के-पटाप सडक अन्तर्गत तामाखानी सिन्धुखोला पक्की मोटर पुलको डि.पि.आर.को लागि बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालु आ.व. २०८१/०८२ मा रु. ९ लाख बजेट विनियोजन भएको र सोही बजेट कार्यान्वयनको लागि करिव ९००

मिटर नयाँ सडक ट्र्याक निर्माण गर्न रु. ६ लाख बजेट व्यवस्थाका लागि प्राविधिक लागत इष्टिमेट सहित सिफारिस भई भएको हुँदा उक्त योजनाका सम्बन्धमा वडा नं. १ र वडा नं. १२ का वडा अध्यक्ष र सम्बन्धित प्राविधिक सहितको संयुक्त अध्ययन टोलीबाट थप अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.१८ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment -LISA ) कार्यविधि, २०७७ मा उल्लिखित सूचकहरुको आधारमा मेलम्ची नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएका कार्यहरुको सूचकगत रुपमा स्वमूल्याङ्कन गर्दा ९१ (एकानब्बे ) अंङ्क र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ९६.५ (छयानब्बे दशमलव पचास ) अंङ्क प्राप्त गरेकोले उक्त अङ्क पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : बि.सं. २०७५ सालमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ( CTEVT) बाट सम्बन्धन प्राप्त भई मेलम्ची नगरपालिका वडा नं. १२ को बाहुनेपाटी स्थित जालपा देवी माध्यमिक विद्यालयमा संचालित ३ वर्षे कृषि प्राविधिक शिक्षा (Diploma in Plant Science) संचालनको समग्र अवस्था र नपुग बजेटको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल गरियो । हाल संचालनमा रहेको उक्त कृषि प्राविधिक शिक्षाको दीगो व्यवस्थापनका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिका उपप्रमुख श्री उमा प्रधान – संयोजक
२. सामाजिक विकास समिति संयोजक श्री अमृत खनाल – सदस्य
३. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ – सदस्य
४. सुशासन तथा सेवा प्रवाह समिति संयोजक श्री कुमार बञ्जारा – सदस्य
५. वडा अध्यक्ष श्री गणेश तामाङ – सदस्य
६. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का विज्ञ – सदस्य
७. शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख सुधिनराज बुढाथोकी – सदस्य सचिव

निर्णय नं.२० : मेलम्ची नगरपालिकाको नगर सभाको १७ औं अधिवेशन मिति २०८१ /१०/२८ गते सोमबार गर्ने निर्णय गरियो ।

निर्णय नं.२१ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुँडेफाँटमा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको मेलम्ची प्राथमिक अस्पतालको पछाडिपट्टीको सामुदायिक वनबाट यस वर्षको वर्षात्को समयमा

पहिरो खसी अस्पताल भवनलाई समेत क्षति पुर्याउने अवस्था रहेको र तत्काल उक्त भवनको संरक्षण नगर्दा थप क्षति हुन सक्ने भएकोले सव डिभिजन वन कार्यालय, सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि र नगरपालिकाको प्राविधिक टोली सहितको सहभागितामा पहिरो नियन्त्रणका सम्बन्धमा प्राविधिक अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.२२: मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मनशान्ति आवास क्षेत्र र मेलम्ची नगरपालिका वडा नं. १० स्थित सहरे बगर क्षेत्रमा मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट घर जग्गा लगायत खेतीयोग्य जग्गा जमिनमा ठूलो क्षति भएको र उक्त खेतीयोग्ग जग्गा जमिनको संरक्षणको लागि सम्बन्धित स्थानीय व्यक्तिहरुबाट निवेदन समेत प्राप्त भएको हुँदा उक्त क्षेत्रको बस्ती एवं खेतीयोग्य जग्गा जमिन संरक्षणका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ – संयोजक
२. आर्थिक विकास समिति संयोजक श्री किरणदिप खड्का – सदस्य
३. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री पासाङ तामाङ – सदस्य
४. सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
५. का.पा.सदस्य श्री सितामायाँ तामाङ – सदस्य

निर्णय नं. २३ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट आ.व. २०८१/०८२ मा विनियोजन भएका योजनाहरु संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | तोम्साङ खानेपानी योजना, मेनपा १२ | १० लाख | तोम्साङ खानेपानी योजना शौचालय सहित , मेनपा १२ | १० लाख |
| २ | चार घरे खानेपानी निर्माण, मेनपा १२ | २० लाख | चार घरे खानेपानी योजना शौचालय सहित, मेनपा १२ | २० लाख |
| ३ | मजुवा सिद्धी बाटो निर्माण साविक ८, मेनपा ३ (प्रधानमन्त्री रोजगार | ७ लाख ८ सय | चिसापानी बोब्राङ बाटो निर्माण, मेनपा ३ (प्रधानमन्त्री रोजगार कार्यक्रम) | ७ लाख ८ सय |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम) | | | |
| ४ | धारापानी माने निर्माण, मेनपा १३ | ५ लाख | ठाँटी चण्डेनी ढुङ्गाना थोक सडक, मेनपा १३ | ५ लाख |
| ५ | भैरङ टोल खानेपानी, मेनपा १३ | ३ लाख ५० हजार | सातबिसे घट्टा बगर सिंचाई कुलो, मेनपा १३ | ३ लाख ५० हजार |
| ६ | भिमसेनस्थान मन्दिर र सरलथोक कुवा मर्मत, मेनपा ७ | ३ लाख | सरलथोक कुवा मर्मत, मेनपा १३ | ३ लाख |
| ७ | आरुखर्क दलित बस्ती संरक्षण तथा मोटर बाटो , मेनपा ११ | ६ लाख | डुँडे खोला बशिष्टधाम सिंढी निर्माण, मेनपा ११ | ६ लाख |

निर्णय नं. २४ : मेलम्ची नगरपालिका १ नं. वडा कार्यालयको च.नं. ७२१ मिति २०८१/१०/०८ को पत्रबाट सोही वडामा संचालनमा रहेको सिन्धु भ्याली क्याम्पसको आफ्नो भवन नभएकोले उक्त क्याम्पसले सरस्वती माध्यमिक विद्यालयको भवन प्रयोग गर्दै आइरहेकोमा हाल विद्यालयको भवन भत्काई नयाँ भवन निर्माण गर्ने चरणमा रहेको हुँदा क्याम्पसको दैनिक पठनपाठन र प्रशासनिक कार्यमा समस्या उत्पन्न भएकोले क्याम्पसको पठनपाठन र प्रशासनिक कार्यमा सहजता ल्याउन सोही वडामा रहेको सार्वजनिक जग्गामा ह्योल्मो सिन्धु मेलम्ची सामाजिक उत्थान कार्यक्रम संचालन समितिबाट निर्माण भई हाल गाउँ सामुदायिक समिति भौटेचौरले प्रयोग गर्दै आइरहेको भवन प्रयोग गर्न आवश्यक व्यवस्थाको लागि लेखि आएको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि सिन्धु भ्याली क्याम्पसको दैनिक पठनपाठन र प्रशासनिक कार्यको लागि गाउँ सामुदायिक समितिको भवन प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २५ : राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको च.नं. ५६८ मिति २०८१/०९/२८ को पत्र प्राप्त भई उक्त पत्रको सम्बन्धमा यस कार्यपालिका बैठकमा जानकारी गराई छलफल गरियो । तहाँ

आयोगबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ मा व्यवस्था भएको विद्यमान कानूनी प्रावधानका सम्बन्धमा सम्बन्धित सरोकारवालासंग छलफल तथा अन्तरक्रिया पश्चात तयार पारिएको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँडको विद्यमान संरचनाको पुनरावलोकन सम्बन्धी अध्ययन प्रतिवेदनका सम्बन्धमा राय सुझाव पेश गर्नको लागि लेखि आएको हुँदा उक्त अध्ययन प्रतिवेदनमा पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको हिस्सा उल्लेख नगरिएको हुँदा स्थानीय तहलाई पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको हिस्सा ४० प्रतिशतको अनुपातमा बाँडफाँड सम्बन्धी व्यवस्था थप गर्न सुझाव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २६ : मेलम्ची नगरपालिका क्षेत्रमा बाँदर, बँदेल लगायतका अन्य वन्यजन्तुको कारण कृषकहरुको बालीनालीमा विगत समय देखि ठूलो नोक्सानी हुँदै आएको र वन्यजन्तुको कारण कृषकहरुले आफ्नो खेतबारी बाँझो राख्ने एवं उक्त कारणबाट कृषकहरु विस्थापित समेत हुने गरेकोले सो सम्बन्धमा सम्बन्धित कृषकहरुको गुनासो दिनप्रतिदिन बढ्दै गएको हुँदा उक्त वन्यजन्तुको नियन्त्रण र वन्यजन्तुबाट हुने बालिनालीको क्षतिपूर्ति व्यवस्थापनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २७ : आ.व. २०८१/०८२ मा विभिन्न विपद्का घटनाबाट क्षति भएको संरचनाको पुनर्निर्माणका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पेश भएको निवेदनका सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. उपप्रमुख श्री उमा प्रधान – संयोजक
२. सम्बन्धित वडाका वडा अध्यक्ष/सदस्य – सदस्य
३.वातारण तथा विपद् व्यवस्थापन शाखा प्रमुख श्री अञ्जना कार्की – सदस्य सचिव

निर्णय नं. २८ : मेलम्ची नगरपालिका क्षेत्र भित्र औधोगिक ग्राम स्थापना गर्नको लागि १ महिना भित्र आवश्यक अध्ययन र उपयुक्त स्थान छनौट गरी प्रस्ताव पेश गर्न ईच्छुक वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २९ : मेलम्ची नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ४८१ मिति २०८१/१०/०६ गतेको पत्रबाट आ.व. २०८१/०८२ मा बजेट विनियोजन भएका देहाय बमोजिमका सडकहरुको नयाँ सडक ट्र्याक निर्माण एवं सडक विस्तारका लागि प्राविधिक प्रतिवेदन सहित स्वीकृतिको लागि पेश भएको हुँदा उक्त सडक ट्र्याक निर्माण एवं विस्तारका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | वडा नं. | बजेट रु. |
|---|---|---|---|
| १ | पाटीगौडा आचार्यटोल पुरानो बस्ती खडिका मोड जोड्ने सडक मर्मत | मेलम्ची न.पा. १० | ५ लाख |
| २ | खर्काचौर लप्सेखोला नयाँ ट्र्याक | मेलम्ची न.पा. १० | २ लाख |
| ३ | बगैंचा बडहरे मोटरबाटो नयाँ ट्र्याक | मेलम्ची न.पा. १० | २ लाख ५० हजार |

निर्णय नं. ३० : स्थानीय राजस्व परामर्श समितिको मिति २०८१/०९/२३ गतेको बैठकबाट पेश भएका अनुसूची-४ बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१ : श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८१/०९/२४ गतेको बैठकबाट पेश भएका अनुसूची-५ बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

अनुसूची-१

**मेलम्ची नगरपालिका र अन्तर्गतका करार/ज्यालादारी कर्मचारीहरुको विवरण**

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | तह | कार्यालय |
|---|---|---|---|---|
| **(क) नगरपालिका र अन्तर्गतको वडा कार्यालय तर्फ :** | | | | |
| १ | जित बहादुर कार्की | ईन्जिनयर | अधिकृत छैठौं | मेलम्ची न.पा.भवन शाखा |
| २ | तिलक बस्नेत | ईन्जिनयर | अधिकृत छैठौं | मेलम्ची न.पा.पूर्वाधार शाखा |
| ३ | राजु दंगाल | ईन्जिनयर | अधिकृत छैठौं | मेलम्ची न.पा. पूर्वाधार शाखा |
| ४ | अर्पना श्रेष्ठ | सू.प्र.अ. | अधिकृत छैठौं | मेलम्ची न.पा. सू.प्र.शाखा |
| ५ | अञ्जना कार्की | ईन्जिनियर | अधिकृत छैठौं | मेलम्ची न.पा. वा. तथा विपद् व्यवस्थापन शाखा |
| ६ | रञ्जन श्रेष्ठ | रोजगार संयोजक | अधिकृत छैठौं | मेलम्ची न.पा. प्रधानमन्त्री रोजगार |
| ७ | आदेश रानामगर | पशु चिकित्सक | अधिकृत छैठौं | मेलम्ची न.पा. पशु सेवा शाखा |

| | | | | |
|---|---|---|---|---|
| ८ | जयराम घोरासैनी | कम्प्युटर अपरेटर | सहायक पाँचौं | मेलम्ची न.पा. जिन्सी शाखा |
| ९ | अस्मिता अर्याल | न्यायिक सहजकर्ता | सहायक पाँचौं | मेलम्ची न.पा. न्यायिक समिति |
| १० | गिता चौलागाई | एम.आइ.एस. अपरेटर | सहायक पाँचौं | मेलम्ची न.पा. वडा नं. २ |
| ११ | माधव दुलाल | एम.आइ.एस. अपरेटर | सहायक पाँचौं | मेलम्ची न.पा. |
| १२ | सन्तोष थापा | सव इन्जिनयिर | सहायक पाँचौं | मेलम्ची न.पा. प्रधानमन्त्री रोजगार |
| १३ | शंकर गिरी | सव इन्जिनयिर | सहायक पाँचौं | मेलम्ची न.पा. भवन शाखा |
| १४ | सुजन श्रेष्ठ | सव इन्जिनयिर | सहायक पाँचौं | मेलम्ची न.पा. पूर्वाधार शाखा |
| १५ | विनोद तामाङ (पाख्रिन) | पशु प्राविधिक | सहायक पाँचौं | मेलम्ची न.पा. पशु सेवा शाखा |
| १६ | सुरेश नेपाल | अमिन | सहायक चौथो | मेलम्ची न.पा. भवन शाखा |
| १७ | मानकाजी तामाङ | निजी सचिव | सहायक चौथो | नगर प्रमुखको सचिवालय |
| १८ | अम्बिका डोटेल | निजी सचिव | सहायक चौथो | उपप्रमुखको सचिवालय |
| १९ | सरिता विश्वकर्मा | उद्यम सहजकर्ता | सहायक चौथो | मेलम्ची न.पा. उद्यम विकास शाखा |
| २० | कल्पना जिम्बा | उद्यम सहजकर्ता | सहायक चौथो | मेलम्ची न.पा. उद्यम विकास शाखा |
| २१ | सरिता डोटेल | पोषण सहजकर्ता | सहायक चौथो | मेलम्ची न.पा. बहुक्षेत्रीय पोषण |
| २२ | कृतिका बस्नेत | सहायक क.अ. | सहायक चौथो | मेलम्ची न.पा. योजना शाखा |
| २३ | दिनेश सिग्देल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ४ |
| २४ | दिपक थापा | ना.प.स्वा.प्रा. | सहायक चौथो | मेलम्ची न.पा. पशु सेवा शाखा |
| २५ | पविन गिरी | ना.प.स्वा.प्रा. | सहायक चौथो | मेलम्ची न.पा. पशु सेवा |

| | | | | |
|---|---|---|---|---|
| | | | | शाखा |
| २६ | चेत प्रसाद घोरासैनी | ना.प.स्वा.प्रा. | सहायक चौथो | मेलम्ची न.पा. पशु सेवा शाखा |
| २७ | पार्वती कुमारी खनाल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. भवन शाखा |
| २८ | रमा लामिछाने | ना.प्रा.स. | सहायक चौथो | एकिकृत सेवा केन्द्र (कृषि) |
| २९ | सागर दाहाल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ५ |
| ३० | सागर नेपाल | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ३ |
| ३१ | सिर बहादुर दोङ | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. १ |
| ३२ | सुरजित कुमार यादव | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. १३ |
| ३३ | रुपक राउत | अ.स.ई | सहायक चौथो | मेलम्ची न.पा. वडा नं. ९ |
| ३४ | अविन सिग्देल | सहायक क.अ. | सहायक चौथो | मेलम्ची न.पा. आ.प्र.शा. |
| ३५ | जगत बहादुर अधिकारी | ह.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ३६ | रामचन्द्र सापकोटा | भा.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ३७ | प्रकाश खतिवडा | ह.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ३८ | सुवास तामाङ | ह.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ३९ | युवराज गिरी | भा.स.चा. | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४० | जज्ञ प्रसाद दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४१ | टिकादत्त दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४२ | बाटु दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४३ | रमेश चौलागाईं | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १ |
| ४४ | शिव बहादुर थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४५ | सुस्मिता राई तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४६ | सोममाई तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ४७ | अमृता चौलागाईं | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १३ |

| | | | | |
|---|---|---|---|---|
| ४८ | डिल्ली प्रसाद सिग्देल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ४ |
| ४९ | डोल कुमारी तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. २ |
| ५० | निर्मला कुमारी वि.क. | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. एकिकृत सेवा केन्द्र |
| ५१ | दिलिप तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ५ |
| ५२ | बाल सुन्दर थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ६ |
| ५३ | विष्णु भारती | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ७ |
| ५४ | राजकुमार सार्की | चौकीदार | श्रेणी विहिन | मेलम्ची न.पा. |
| ५५ | रोशन तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ३ |
| ५६ | तुल कुमारी धिताल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १२ |
| ५७ | गोविन्द गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. ८ |
| ५८ | सुमित्रा अधिकारी | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची न.पा. वडा नं. १० |
| **(ख) स्वास्थ्य तर्फ :** | | | | |
| ५९ | डा. सोनाली बाँसकोटा | एम.डि.जि.पी. चिकित्सक | अधिकृत नवौं | मेलम्ची नगर अस्पताल |
| ६० | नितेश कुमार लाभ कर्ण | ऐनेस्थेसिया असिस्टेन्ट | सहायक पाँचौं | मेलम्ची नगर अस्पताल |
| ६१ | प्रतिज्ञा तामाङ | अ.हे.ब | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ६२ | ईन्द्रिका खड्का | अ.हे.ब. | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ६३ | जिवन कुमार खाती | अ.हे.ब. | सहायक चौथो | क्यौरानी स्वास्थ्य ईकाई |
| ६४ | दिपा विष्ट | अ.हे.ब. | सहायक चौथो | ज्यामिरे स्वास्थ्य चौकी |
| ६५ | सबिना तामाङ | अ.हे.ब. | सहायक चौथोँ | भोटेचौर स्वास्थ्य चौकी |
| ६६ | सुमित्रा तामाङ | अ.हे.ब. | सहायक चौथोँ | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |
| ६७ | रामचन्द्र जोशी | अ.हे.ब. | सहायक चौथो | थकनी स्वास्थ्य चौकी |
| ६८ | रिता तामाङ | अ.हे.ब. | सहायक चौथो | तालामाराङ स्वास्थ्य चौकी |
| ६९ | रिता सापकोटा | अ.हे.ब. | सहायक चौथो | थकनी स्वास्थ्य चौकी |

| | | | | |
|---|---|---|---|---|
| ७० | रेनुका पण्डित | अ.हे.ब. | सहायक चौथो | शिखरपुर स्वास्थ्य चौकी |
| ७१ | रोशन श्रेष्ठ | अ.हे.ब. | सहायक चौथो | सुनखानी शहरी स्वास्थ्य केन्द्र |
| ७२ | विष्णु रायमाझी | अ.हे.ब. | सहायक चौथो | सिन्धुकोट स्वास्थ्य चौकी |
| ७३ | सुवाष नेपाल | अ.हे.ब. | सहायक चौथो | मेलम्ची न.पा. स्वास्थ्य शाखा |
| ७४ | दिपा नेपाल | अ.हे.ब. | सहायक चौथो | गिराञ्चौर शहरी स्वास्थ्य केन्द्र |
| ७५ | जमुना तामाङ | अ.न.मी. | सहायक चौथो | निबुगाउँ स्वास्थ्य इकाई |
| ७६ | कुसुम बोहरा | अ.न.मी. | सहायक चौथो | सुनखानी शहरी स्वास्थ्य चौकी |
| ७७ | गोमा कुमारी कार्की | अ.न.मी. | सहायक चौथो | फटकशिला स्वास्थ्य चौकी |
| ७८ | मिना श्रेष्ठ | अ.न.मी. | सहायक चौथो | दुवाचौर स्वास्थ्य चौकी |
| ७९ | यमुना दाहाल | अ.न.मी. | सहायक चौथो | शिखरपुर स्वास्थ्य चौकी |
| ८० | शारदा ओलिया | अ.न.मी. | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ८१ | सम्झना बञ्जारा | अ.न.मी. | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ८२ | सिता चौलागाईं | अ.न.मी. | सहायक चौथो | एकिकृत सेवा केन्द्र पिप्ले |
| ८३ | सुनिता बानियाँ | अ.न.मी. | सहायक चौथो | कटुन्जे शहरी स्वास्थ्य चौकी |
| ८४ | सुष्मा स्याङ्बो | अ.न.मी. | सहायक चौथो | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |
| ८५ | रिता आचार्य | अ.न.मी. | सहायक चौथो | हैबुङ् स्वास्थ्य चौकी |
| ८६ | स्नेहा तामाङ | अ.न.मी. | सहायक चौथो | तालामाराङ स्वास्थ्य चौकी |
| ८७ | गायत्री भुजेल | ल्याब असिस्टेन्ट | सहायक चौथो | मेलम्ची नगर अस्पताल |
| ८९ | अनिता तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | गिराञ्चौर शहरी स्वास्थ्य केन्द्र |
| ९० | अमृत तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | तालामाराङ स्वास्थ्य चौकी |
| ९१ | आइतरानी तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | दुवाचौर स्वास्थ्य चौकी |
| ९२ | कमली तिवारी | कार्यालय सहयोगी | श्रेणी विहिन | शिखरपुर स्वास्थ्य चौकी |

| | | | | |
|---|---|---|---|---|
| ९३ | गोमा पण्डित | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची नगर अस्पताल |
| ९४ | गौरी के.सी. | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची नगर अस्पताल |
| ९५ | चण्डिका लामिछाने | कार्यालय सहयोगी | श्रेणी विहिन | भोटेचौर स्वास्थ्य इकाई |
| ९६ | जुनुमायाँ तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | निबुगाउँ स्वास्थ्य इकाई |
| ९७ | तिल कुमारी दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | हैबुङ् स्वास्थ्य चौकी |
| ९८ | फुलमायाँ तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | कटुञ्जे शहरी स्वास्थ्य केन्द्र |
| ९९ | फुलमायाँ तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | सुनखानी शहरी स्वास्थ्य चौकी |
| १०० | बिमला घोरासैनी | कार्यालय सहयोगी | श्रेणी विहिन | फटकशिला स्वास्थ्य चौकी |
| १०१ | रन्जना गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | क्यौरानी स्वास्थ्य ईकाई |
| १०२ | राम प्रसाद दुलाल | कार्यालय सहयोगी | श्रेणी विहिन | मेलम्ची नगर अस्पताल |
| १०३ | लक्ष्मी गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | ज्यामिरे स्वास्थ्य चौकी |
| १०४ | सुनिता तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | बाँसवारी स्वास्थ्य चौकी |
| १०५ | महेन्द्र अधिकारी | डोजर अपरेटर | श्रेणी विहिन | मेलम्ची नगरपालिका |
| १०६ | महेश लामिछाने | कृषि प्राविधिक | अधिकृत छैठौँ | मेलम्ची नगरपालिका |
| १०७ | सुरेश बहादुर तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | थकनी स्वास्थ्य चौकी |
| १०८ | इन्दिरा आचार्य | कार्यालय सहयोगी | श्रेणी विहिन | सिन्धुकोट स्वास्थ्य चौकी |
| १०९ | कान्छी कुमारी तामाङ | कार्यालय सहयोगी | श्रेणी विहिन | जरायोटार आयुर्वेद औषधालय |
| ११० | कमल प्रसाद धिताल | कार्यालय सहयोगी | श्रेणी विहिन | जरायोटार आयुर्वेद औषधालय |
| **(ग) दैनिक ज्यालादारी तर्फ :** | | | | |
| १११ | केशब पौडेल | बाल विकास सहजकर्ता | सहायक पाँचौं | मेलम्ची नगरपालिका |
| ११२ | मणिराज दुलाल | फिल्ड सुपरभाइभर | सहायक चौँथो | मेलम्ची नगरपालिका |

अनुसूची - २

बजार व्यवस्थापनका सम्बन्धमा भएका निर्णयहरु

(क) मेलम्ची बजारको सुरक्षा संवेदनशिलतालाई मध्यनजर गर्दै मेलम्ची बजारका आवश्यक स्थानमा थप सि.सि. क्यामेरा जडान गर्न प्राविधिक अध्ययन गर्ने ।

(ख) मेलम्ची बजारको हाल संचालित पुरानो पसपार्कमा यात्रुहरुको सुविधालाई मध्यनजर गर्दै २ (दुई) वटा बस मात्र पार्किङ्ग गर्ने र अन्य सबै सार्वजनिक यातायातका बसहरु मेलम्ची नगरपालिका वडा नं. ११ स्थित तल्लो बजारमा हाल निर्माण गरिएको बसपार्कमा पार्किङ्ग गर्ने व्यवस्था मिलाउनुको साथै पार्किङ्गलाई व्यवस्थित बनाउन दायाँबायाँ हलुका सवारी साधनको समेत पार्किङ्गको व्यवस्था मिलाउन ट्राफिक प्रहरी कार्यालय मेलम्चीलाई अनुरोध गर्ने ।

(ग) मेलम्ची नगरपालिकाबाट मेलम्ची बजारमा विगत वर्षहरुमा जडान भएका सडक सौर्य बत्ती आवश्यकता अनुसार मर्मत संभार गर्ने र वडा कार्यालयको सिफारिसको आधारमा थप नयाँ सडक सौर्य बत्ती जडान गर्ने गरी बजार व्यवस्थापनको कार्य गर्ने ।

(घ) मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजारबाट उत्पादन एवं सकलन हुने फोहोरमैलाको उचित व्यवस्थापनको लागि मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ मा भएको व्यवस्था बमोजिमको शुल्क उठाउने र उक्त रकमबाट खर्च हुने गरी मेलम्ची नगरपालिकाबाट फोहोरमैला व्यवस्थापनको लागि २ (दुई) सरसफाईकर्मी नियूक्ति गर्ने साथै मेलम्ची बजारको आवश्यक स्थानमा फोहोरमैला संकलनका लागि डस्टविन व्यवस्थापन गर्ने ।

(ङ) मेलम्ची बजार क्षेत्रमा साँझ ६:०० बजे देखि बिहान ६:०० बजे सम्म ठूला मालबहाक साधनहरुबाट सामग्री लोड/अनलोड गराउन सम्पूर्ण व्यवसायीहरुलाई पत्राचार एवं सूचना सम्प्रेशण गर्ने ।

## अनुसूची- ३

मेलम्ची नगरपालिकाबाट आ.व.२०८१/०८२ मा विनियोजन संचालनमा रहेका एवं सम्पन्न भएका देहाय बमोजिमका योजनाहरुको नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी देहाय बमोजिको प्रतिवेदन पेश गरिएको छ।

| क्र.स. | अनुगमन गरिएका योजनाहरु | निर्माण विधि | विनियोजित बजेट रु. | सम्पन्न भएका मुख्य कार्यहरु | सुधार गर्न दिइएका निर्देशन एवं सुझावहरु |
|---|---|---|---|---|---|
| १ | Duwachaur Bhattar Talamarang Road Black Top, मेलम्ची न.पा. ७ | बोलपत्र | ७,३९,०९,४२७।५८ (सम्झौता रकम) | बाटो पिचको तयारीका लागि बेस कोर्स राख्ने,स्टोन मेशनरी वाल लगाउने,ग्याविन वाल ,प्लम वाल,सोलिङ र पि.सि.सि.को कार्यहरु भएको । | नालाको दुवैतर्फ केही स्थानमा कालोपत्रे गर्ने समयमा कमप्याक्सन गरी थप सुधार गर्न र चेनेज ६५० को ट्राक्सफर्मर नजिक भएको ग्याविनको कार्य नमिलेको हुँदा पुनःसच्याउन निर्देशन गरिएको। |
| २ | Mahila Surakshya Tatha Aids Niyantran Manch Building, मेलम्ची न.पा. ११ | बोलपत्र | ३३,६१,४२७।२१ | डबल टाईबिम गरी १४ -१४ को ८ वटा पिल्लर उटाई आर.सि.सि.ढलान,ईटाको वाल लगाई प्लास्टर,भुईमा सोलिङ पि.सि.सि. गरी भवन निर्माण कार्य भएको | नियमित क्युरिङ गर्न, निर्माण सामग्रीको गुणस्तरमा र फिनिसीङ कार्यमा ध्यान दिन सुझाव दिइएको। |
| ३ | Golmasthan Chankhu Gufadada Road, मेलम्ची न.पा. ९ | बोलपत्र | ५०,९२,७६०।७८ | साँघुरो बाटो तथा मोडमा माटो कटिङ्ग गर्ने,माटे नाली बनाई रोलर सहित ग्राभेल हाल्ने ,मेशनरी वाल,स्टोन सोलिङ,ह्युमपाईप र ग्याविन वाल लगाउने कार्य गरी सडक स्तरोन्नती भएको | नाली गहिराउने र चौडा गर्ने, दुई स्थानमा लगाएको ग्याविन वालको ग्याप मिलाउने, लेसिङ्ग कस्ने र स्टोन सोलिङ मिलाउन निर्देशन गरिएको। |
| ४ | Melamchi Duduwa Amphechaur Bhatmase Dhuseni Road, मेलम्ची न.पा. ११ | बोलपत्र | २,५९,६७,६६५।१७ | माटो कटिङ्ग गर्ने, प्लम नालीको कार्य गरेको, मेशनरी वाल, क्याचपिट सहित ह्युपपाईप हाल्ने र ग्याविन वाल लगाउने कार्य गरी सडक स्तरोन्नती भएको । | नाली र वालमा नियमित विहान बेलुका क्युरिङ गर्नुपर्ने। |
| ५ | दनुवारगाउँ बस्ती संरक्षण, मेलम्ची न.पा. १३ | उपभोक्ता समिति | ५,००,००० | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण गर्ने कार्य भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | दनुवारगाउँ भित्री सडक मर्मत, मेलम्ची न.पा. १३ | उपभोक्ता समिति | १०,००,००० | स्टोन सोलिङ गरी डण्डी विछयाई सडक ढलान गर्ने कार्य गरी सडक स्तरोन्नती गरिएको । | |
| ७ | दंगालथोक लप्सी नेपाने सडक स्तरोन्ती, मेलम्ची न.पा. १३ | उपभोक्ता समिति | १०,००,००० | स्टोन मेशनरी वाल लगाई सडक चौडा तथा संरक्षण गर्ने कार्य गरी सडक स्तरोन्नती भएको । | |
| ८ | भेमेस्थान सामुदायिक भवन निर्माण, मेलम्ची न.पा. ९ | उपभोक्ता समिति | ५,८१,००० | अधुरो भवनमा ईटाको वाल लगाई प्लास्टर गर्ने, भुईमा कोरा मसिलो गरी पनिङ र भवनमा काठको झ्याल ढोका राख्ने कार्य भएको । | |

## अनुसूची- ४
## स्थानीय राजस्व परामरश समितिका निर्णयहरु

(क) आ.व. २०८१/०८२ को लागि स्थानीय राजस्व परामर्श समितिबाट पेश भएको राजस्व प्राप्तीको संशोधित अनुमान श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा सिफारिस गर्ने ।

(ख) मेलम्ची नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ को दफा ४ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम घर जग्गा बहाल करको दरमा हाल भएको व्यवस्था संशोधन गरी आगामी आ.व. को लागि देहायको करको दर प्रस्ताव गर्न कार्यपालिका मार्फत नगर सभामा सिफारिस गर्ने ।

तपसिल

| क्र.सं. | विवरण | प्रयोजन | करको दर प्रतिशत |
|---|---|---|---|
| १ | नगर क्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि । | संघ/संस्था, कार्यालय, उद्योग र व्यवसाय | १० प्रतिशत |
| २ | | अन्य | ५ प्रतिशत |

(ग) मेलम्ची नगरपालिकाको न्यायिक समिति र अन्तर्गतका मेलमिलाप केन्द्रहरुमा प्राप्त हुने घरभाडा सम्बन्धी उजुरीको सम्बन्धमा छलफल हुँदा न्यायिक कार्यको लागि उजुरी दिने सम्बन्धित व्यक्ति वा

संस्थाको घरजग्गा बहाल कर लगायतका अन्य कर दायित्व चुक्ता भए पछि मात्र न्यायिक मुद्धाका थप प्रक्रिया अगाडि बढाउने।

(घ) मेलम्ची नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नका लागि नगरपालिका भित्रका व्यवसायी, उपभोक्ता, करदाता, सेवा प्रदायक संघ/संस्था, कार्यालय लगायतका सम्बन्धित संघ/संस्था एवं व्यक्तिहरुलाई करदाता शिक्षा एवं व्यवसायिक सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) मेलम्ची नगरपालिका क्षेत्र भित्रका भोटेचौर, चियाबगान, गुफाडाँडा लगायतका पर्यटकीय स्थानहरुबाट पर्यटन शुल्क प्राप्त गर्नको लागि स्थानीय राजस्व परामर्श समितिले आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्ने।

(च) मेलम्ची नगरपालिकाले मेलम्ची नगरपालिका क्षेत्र भित्रका बजारहरुबाट उत्पादन/संकलन हुने फोहोरमैलाको व्यवस्थापन हाल नि:शुल्क रुपमा गर्दै आएकोमा मेलम्ची नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ को दफा १२ को उपदफा (१) अनुसूची - १२ को क्र.सं. १७ मा भएको व्यवस्था बमोजिम बजार क्षेत्रबाट संकलन हुने फोहोरमैलाको राजस्व संकलन गरी उक्त राजस्व रकमबाट फोहोरमेलाको व्यवस्थापन गर्ने ।

(छ) बैंक तथा वित्तिय संस्थाहरुबाट ऋंर्ण लिएका वा लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी र व्यवसायीहरुको हकमा सम्बन्धित व्यक्ति वा व्यवसायीले मेलम्ची नगरपालिका र मातहतका वडा कार्यालयमा अनिवार्य रुपमा व्यवसाय कर, घर जग्गा बहाल कर, मालपोत, सम्पत्ति कर लगायतका कर दायित्व चुक्ता गरेको प्रमाण पेश गरे पछि मात्र कर्जा प्रवाह एवं कर्जा नवीकरणको व्यवस्था मिलाउनको लागि नगरपालिका कार्य क्षेत्र भएका सम्बन्धित बैंक तथा वित्तिय संस्थाहरुलाई पत्राचार गर्ने ।

(ज) मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ मा देहायको शुल्क, दस्तुर थप गर्नको लगि आगमी नगर सभामा सिफारिस गर्ने ।

तपसिल

| क्र.सं. | करको विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा दस्तुर (अधिकृतस्तर) | २०००।– | |
| २ | परीक्षा दस्तुर (सहायकस्तर ) | १०००।– | |
| ३ | परीक्षा दस्तुर अन्य | ७००।– | |
| ४ | म्याद थप गरेको २ वर्ष भन्दा पछि निर्माण कार्य सम्पन्न नगरेमा थप विलम्ब शुल्क | नक्शा पास शुल्कको १०० प्रतिशत | |
| ५ | सहकारी संस्था नवीकरण शुल्क | दर्ता शुल्कको ५० प्रतिशत | |

(झ) मेलम्ची नगरपालिका क्षेत्र भित्रका विभिन्न व्यवसायीहरुले हालसम्म मेलम्ची नगरपालिकालाई तिर्न बाँकी रहेको कर बक्यौताको विषयमा कार्यपालिका बैठकबाट कर बक्यौता संकलनका लागि गठित कार्यदलको कार्य प्रगतिका विषयमा छलफल गरियो र सक्रियरुपमा बाँकी रहेको कर बक्यौता असूलीको लागि थप प्रक्रिया अगाडि बढाउने ।

(ञ) मेलम्ची नगरपालिको राजस्व शाखा र मातहतका वडाका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि राजस्व सम्बन्धि तालिमको व्यवस्था गर्ने।

(ट) बागमती प्रदेश आर्थिक ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको दरमा नघट्ने गरी ढुङ्गा, गिटी, बालुवा लगायतको नदीजन्य पदार्थको बिक्री दर प्रति घ.फि. रु. ९ (नौ) कायम गर्ने आगामी नगर सभामा सिफारिस गर्ने ।

अनुसूची- ५

## श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट भएका निर्णयहरु

(क) स्थानीय राजस्व परामर्श समितिबाट सिफारिस भई आएको आ.व. २०८१/०८२ को संशोधित आन्तरिक राजस्व र श्रोत अनुमानको सम्बन्धमा छलफल गर्न आगामी कार्यपालिकामा सिफारिस गर्ने ।

(ख) चालु आ.व. २०८१/०८२ को लागि नगर सभाको सोह्रौं अधिवेशनबाट बिनियोजित बजेट कार्यान्वयन र बजेट सन्तुलनको लागि मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्न सिफारिस भएको हुँदा उक्त कार्यदल गठन गर्ने र कार्यदलले आ.व. २०८१/०८२ को नगर सभाको सोह्रौं अधिवेशनबाट स्वीकृत भएको बजेट माथि आवश्यक अध्ययन तथा पुनरावलोकन गरी राजश्व तथा अनुदान प्राप्तीको संशोधित अनुमानलाई आगामी नगर सभामा पेश गर्न निर्देशन गर्ने ।

तपसिल

१. उपप्रमुख, श्री उमा प्रधान – संयोजक
२. आर्थिक विकास समिति संयोजक श्री किरणदिप खड्का – सदस्य
३. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ – सदस्य
४. सामाजिक विकास समिति संयोजक श्री अमृत खनाल – सदस्य
५. योजना शाखा प्रमुख श्री राम कुमार के.सी. – सदस्य सचिव